# जलजला गाउँपालिका
# लामाखेत पर्वत

## बजेट बक्तब्य

### आर्थिक वर्ष २०७९/८०

आदरणीय सभाध्यक्ष ज्यू,
गाउँसभाका सदस्यहरु,
उपस्थित सम्पूर्ण अतिथिगण,कर्मचारीहरु तथा सम्पुर्ण महानुभावहरु

• नेपालको संविधान वमोजिम गठित स्थानीय तहको हालै सम्पन्न दोस्रो निर्वाचनवाट निर्वाचित सरकारको तर्फबाट आर्थिक वर्ष २०७९/८० को वजेट यस सम्मानित सभा समक्ष पेश गर्न गैरहेको छु ।

• सर्वप्रथम, राष्ट्रहित, लोकतन्त्र, र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै मूलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगतर्फ पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।यस क्षणमा वेपत्ता तथा घाइते योद्धाहरु र उहाँहरुको परिवारजन लगायत आम जनसमुदायमा उहाँहरुको अभूतपूर्व योगदान प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

• संघ, प्रदेश र स्थानीय तहवीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी जनतालाई घरदैलोको सरकारको अनुभूति दिलाउने अवसर, दायित्व र चुनौती हामी माझ छ ।

• स्थानिय सरकारको रुपमा रहेको जलजला गाँउपालिकाले आर्थिक विकासको राष्ट्रिय लक्ष्य प्राप्त गर्न आफ्नो क्षेत्रभित्रको सीमित स्रोत साधनहरुको अधिकतम परिचालन गरी जनताका आवश्यकता र चाहानाको संबोधन गर्न, राजनितिक परिवर्तनलाई संस्थागत गर्न र राज्यप्रति जनविश्वाश वृद्धि गर्न, नागरीक अभियानहरुको एजेण्डालाई संस्थागत गर्न, संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थालाई सफल वनाउन सिमित श्रोत र साधनका वावजुत जनताका आकाक्षां पुरा गर्न तत्पर रहेको छ।जलजला गाँउपालिकाको वार्षिक निति तथा कार्यक्रमले लिएका उद्देश्य पूरा गर्ने कार्यक्रमका साथ तर्जुमा गरिएको आ.व २०७९/८० को आय-व्यय अनुमान (बजेट) प्रस्तुत गर्न पाँउदा अत्यन्त खुशी छु ।

• बजेट तर्जुमा गर्दा मूलत: नेपालको संविधान र सम्वन्धित कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, आवधिक योजना, गाउँकार्यपालिकाका निर्णयहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु ।साथै, विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु ।

• वित्तिय संघियताको र्मम अनुरुप गाँउपालिकालाई संघीय एवं प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण, शसर्त अनुदान, राजश्व वाँडफाँड, समपूरक अनुदान एवं गाउँपालिकाको आन्तरिक श्रोत समेतलाई ध्यान दिई वजेट तर्जुमा गरेको छु। साथै, यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

• आगामी आ.व. को बजेट तर्जुमा गर्दा मैले हालसम्म हाँसिल भएका उपलव्धिहरुलाई संस्थागत गर्दै जनप्रतिनिधमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समृद्ध गाउँपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु। पूर्वाधारका विकासको साथ साथै उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने गाँउपालिकाको निति अनुरुप वजेट तर्जमा गर्ने प्रयास गरेको छु ।अनावश्यक खर्च घटाई चालु खर्चमा मितव्ययिता ल्याउने र पुँजीगत बजेटको अंश बढाउने गरी बजेट प्रस्ताव गरेकोछु । साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्षज्यू,**

**उपस्थित सदस्यज्यूहरु,**

• अव म आगामी आर्थिक वर्ष २०७९/८० को वजेटले लिएका रणनीति, उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।आगामी बजेटका रणनीतिहरु निम्न रहेका छनः-

• गाउँपालिकाको आर्थिक, सामाजिक, एवं पूर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने ।

• गाउँपालिकाको नीतिगत, संस्थागत र भौतिक पूर्वाधार स्थापना गर्ने ।

• सुशासन प्रबर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजामूलक र उत्पादनमूलक बनाउने ।

• सामाजिक आर्थिक रुपले पछाडि परेका गरिव तथा विपन्न वर्गहरुलाई स्वरोजगार सृजना गरी आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।

**आगामी बजेटका उद्देश्यहरु निम्न रहेका छनः-**

१. जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु,

२. आधुनिक प्रविधिको प्रयोग गर्दै सर्वसुलभ रुपमा सेवा उपभोग गर्न सकिने वातावरण तयार गर्नु ।

३. सामाजिक सुरक्षा तथा स्वरोजगार कार्यक्रमो माध्यमबाट विकासमा पछाडी परेका वर्गलाइ  मुलधारमा समेटनु ।

४. कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,

५. स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय नेतृत्वको विकासको माद्यमवाट स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु।

आगामी बजेटका उच्च प्राथमिकता प्राप्त क्षेत्रहरु निम्नानुसार रहेका छनः-

१. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सशक्तिकरणको विकास मार्फत सामाजिक विकास गर्ने,

२. कृषि,पर्यटन,उद्योग तथा वाणिज्य,सहकारी,वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास गर्ने,

३. वन, वातावरणको संरक्षण सम्वर्द्धन तथा विपद् तथा फोहोरमैला व्यवस्थापन गर्ने,

४. शासकीय सक्षमताको विकास गरी सुशासन र सदाचार प्रवर्द्धन गर्ने।

५. सडक तथा पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघुउद्यम, सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास गर्ने,

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अव म चालु आर्थिक वर्ष २०७८/७९ को हालसम्मको आय-व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

• चालु आर्थिक वर्षमा रु. २,८७,६३,०००(दुई करोड सतासी लाख त्रिसट्ठी हजार)  आन्तरिक राजस्व परिचालन हुने अनुमान रहेकोमा हाल सम्म रु. १,१६,५३,१३४ (एक करोड सोह्र लाख) प्राप्त भएको छ। त्यसैगरी चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु. १०,०२,००,०००/-(दश करोड दुइ लाख)  र संघीय राजस्व वाँडफाँडबाट रु. ५,१९,५८,३६९/-(नौ करोड उन्नाइस अन्ठाउन्न हजार तिन सय उन्सत्तरी)  आय प्राप्त भएको छ । राजश्व वाँडफाड तर्फ लक्ष्य अनुरुप बजेट प्राप्त हुने सम्भावना कम रहेको छ। त्यस्तै प्रदेश तर्फ वित्तिय समानीकरण अनुदानवापत रु. ५६,२,०००/- (छपन्न लाख दुई हजार) प्राप्त भएको छ । प्रदेश राजस्व बाँडफाँड वापत रु.२०,२७,३७८/-(विस लाख सत्ताइस हजार तीन सय अठहत्तर) रुपैया प्राप्त भएको छ ।

• चालु आर्थिक वर्षमा नेपाल सरकार सशर्त अनुदान वापत रु.१९,७०,३३,५००/-(उन्नाइस करोड सत्तरी लाख तेत्तिस हजार पाँच सय)  प्राप्त भएको छ ।आन्तरीक आय तर्फ २०७९ जेष्ठ मसान्त सम्म रु.१,१६,५३,१३४/-(एक करोड सोह्र लाख त्रिपन्न हजार एक सय चौतिस) रुपैया प्राप्त भएको छ ।जेठ मसान्त सम्म आन्तरिक आयतर्फ ९० प्रतिशत भन्दा वढी असुली भैसकेको छ ।

• प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु.९८,४४,०००/-(अन्ठान्ब्बे लाख चवालिस हजार) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फ रु.२,७९,०००।(दुई लाख उनासी हजार) गरिवसँग विश्वेश्वर कार्यक्रम तर्फ रु.४,६४,०००/- (चार लाख चौसठ्ठी हजार) सिधै अख्तियारी प्राप्त भएको यस्ता कार्यक्रमको लागि प्राप्त भएको रकमको प्रतिवेदन सिधै नेपाल सरकारमा पठाउने गरी अख्तियारी प्राप्त भएकाले स्थानीय सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन ।

• उल्लिखित तथ्याङ्कका आधारमा चालु आर्थिक वर्षको मिति २०७९ जेठ असान्त सम्मको कुल वित्तिय तथा भौतीक प्रगति सन्तोषजनक रहेको मान्न सकिन्छ।

• सभाध्यक्ष महोदय, अब म आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।

• राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा आगामी आ.व.२०७९/८० मा गाउँपालिकाले लगाउने कर तथा सेवा शुल्क, दस्तुर एवं गत वर्षको नगद मौज्दात समेतबाट कुल २,००,००,०००।-(दुई करोड) मात्र राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारद्धारा आर्थिक वर्ष २०७९/८० मा यस गाउँपालिकाको लागि उपलव्ध अनुदानको जम्मा हिस्सा देहाएवमोजिम रहने अनुमान गरिएको छ ।

• वित्तिय समानिकरण अनुदान अन्तर्गत संघ सरकारवाट रु १०,७६,००००० (दश करोड छ्यत्तर लाख) र गण्डकी प्रदेश सरकारवाट रु १,१८,५७,००० (एक करोड अठार लाख सन्ताउन्नहजार) गरी जम्मा रु ११,९४,५७,०००(एघार करोड चौरानब्बे लाख सन्ताउन्नहजार) प्राप्त हुनेछ।

• राजश्व वाडफाँड अन्तर्गत संघ सरकारवाट रु ७,९९,६१,०००। (सात करोड उनान्सय लाख एकसठ्ठी हजार रुपैयाँ) र प्रदेश सरकारवाट रु ५६,१०,००० (छपन्न लाख दश हजार) गरी जम्मा रु ८,५५,७१,०००(आठ करोड पचपन्न लाख एकहत्तर हजार) प्राप्त हुनेछ।

• सशर्त अनुदानको रुपमा संघ सरकारवाट रु. २३,५५,००,०००(तेईस करोड पचपन्न लाख) र प्रदेश सरकारवाट रु.६०,००,०००।(साठी लाख रुपैयाँ) गरी जम्मा २४,१५,००००० ।(चौविस करोड पन्ध्र लाख) प्राप्त हुनेछ।

• समपुरक अनुदान अन्तर्गत संघ सरकारवाट रु. २,००,००,०००(दुई करोड) र प्रदेश सरकारवाट रु १,००,००,००० ।(एक करोड) गरी जम्मा रु. ३,००,००,०००(तीन करोड)प्राप्त हुनेछ ।

उल्लिखित नेपाल सरकार एवं प्रदेश सरकारवाट प्राप्त हुने विभिन्न अनुदान, राजश्व बाँडफाँड, र सम्भावित राजश्व एवं चालु वर्षको नगद वर्षको मौज्दात समेतका आधारमा आगामी आ.व.को कुल बजेटको आकार रु ४९,६५,२८,०००।-(उन्पचास करोड पैसठ्ठी लाख अठ्ठाइस हजार) को हुने अनुमान गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको २०७९/८० को व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु,

आगामी आर्थिक वर्षमा संघीय सरकार र प्रदेश सरकारवाट सशर्त अनुदानमा प्राप्त रकम रु.२४,१५,००,०००।-(चौविस करोड पन्ध्र लाख रुपैया) ब्यय हुनेछ जस अन्तर्गत सशर्त कार्यक्रमको रुपमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, नविकरणीय उर्जा, ग्रामिण विकास पूर्वाधार एवं प्रधानमन्त्री रोजगार कार्यक्रम, पञ्जिकरण सेवा इकाइ, लघुउद्यम विकास कार्यक्रम समावेश भएका छन्।नेपाल सरकार तथा प्रदेश सरकारवाट समपूरक अनुदानमा प्राप्त रकम रु. ३,००,००,००० (तिन करोड) मा गाउँपालिकाले सोही अनुपातमा रकम थप गरी जम्मा रु. ६,००,००,०००(छ करोड) मा क्रमशः तोकिएका वडा कार्यालय भवन र वारीवेनी मल्लाज सडक निर्माणमा खर्च हुनेछ ।

चालु खर्चतर्फ पदाधिकारी सुविधा, कर्मचारी शिक्षक पारिश्रमिक, गाउँपालिका वडा कार्यालय तथा सेवा केन्द्र सञ्चालन खर्च लगायतका विभिन्न चालु प्रकृतिका खर्चका लागि जम्मा रु.९,५०,००,०००।(नौं करोड पचास लाख) विनियोजन गरेको छु ।

त्यसैगरी आगामी आर्थिक वर्षको लागि पुँजिगत तर्फ गाउँपालिका स्तरिय योजना र वडागत योजनाका लागि रु.१०,००,२८,०००।-(दश करोड अठ्ठाइस हजार) विनियोजन गरेको छु हुनेछ।गत वर्ष बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका लागत साझेदारी कार्यक्रमका योजनाहरुको दायित्व भूक्तानीका लागि रु. १,००,००,०००(एककरोड) विनियोजन गरेको छु। जसवाट आर्थिक, सामाजिक एवं पूर्वाधार विकास लगायतका क्षेत्रको रुपान्तरणको माध्यमवाट विकास र समृद्धी हासिल गर्न सकिने अपेक्षा गरिएको छ।

अव क्षेत्रगत रुपमा विनियोजित रकम उल्लेख गर्न चाहन्छु।

| क्र.सं. | विषयगत क्षेत्र | विनियोजित रकम | अक्षरुपी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | शिक्षा | १,७०,००,००० | एक करोड सत्तरी लाख | १८.८८ | |
| २ | स्वास्थ्य | ६०,००,००० | साठी लाख | ६.६६ | |
| ३ | कृषि | १,७०,००,००० | एक करोड सत्तरी लाख | १८.८८ | |
| ४ | पशु सेवा | ६०,००,००० | साठी लाख | ६.६६ | |
| ५ | पूर्वाधार विकास | २,००,००,००० | दुई करोड | २२.२२ | |
| ६ | सुशासन तथा संस्थागत विकास | ५,००,००० | पाँच लाख | ०.५६ | |
| ७ | वातावरण तथा विपद् ब्यवस्थापन | ५०,००,००० | पचास लाख | ५.५५ | |
| ८ | पर्यटन | १०,००,००० | दश लाख | १.११ | |
| ९ | महिला वालवालिका तथा जेष्ठ नागरिक | ४०,००,००० | चालिस लाख | ४.४४ | |
| १० | विधेयक | ३,००,००० | तीन लाख | ०.३३ | |
| ११ | भैपरि विविध | ९,००,००० | नौ लाख | १.०० | |
| १२ | युवा तथा खेलकुद | १०,००,००० | दश लाख | १.११ | |
| १३ | मेसिन उपकरण | ६०,००,००० | साठी लाख | ६.६६ | |
| १४ | समूह मार्फत साझेदारी कोष कार्यक्रम | ४०,००,००० | चालिस लाख | ४.४४ | |
| १५ | न्यायिक समिति | ३,००,००० | तीन लाख | ०.३३ | |
| १६ | खानेपानी सिंचाईका लागि भैपरी विविध | १०,२८,००० | दश लाख अठ्ठाइस हजार | १.१४ | |
| जम्मा | | ९,००,२८,००० | नौ करोड अठ्ठाइस हजार | १००.०० | |

उल्लेखीत क्षेत्रगत विनियोजन रु ९,००,२८,०००। (नौं करोड अट्ठाइस हजार) वाट योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भई गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधार विकास पर्यटन प्रवर्द्धन तथा सुशासन तथा संस्थागत विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिइएको छ ।

आदरणीय सभाध्यक्ष ज्यू,
सदस्य ज्युहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

अब म, जलजला गाउँपालिका आर्थिक विधेयक, २०७९ र जलजला गाउँपालिका विनियोजन विधेयक, २०७९ स्विकृतीका लागि यसै साथ प्रस्तुत गर्दछु।
जलजला गाउँपालिकाको सम्मानित बाह्रौं गाउँसभामा वार्षिक आय-व्ययको (वजेट) प्रस्तुत गर्ने क्रममा विभिन्न चरणमा आफ्नो स्थानवाट मार्गनिर्देशन उपलब्ध गराउनुहुने जलजला गाउँपालिकाका अध्यक्षज्यू प्रति विशेष आभार व्यक्त गर्दछु । साथै आ— आफ्नो अधिकार क्षेत्रभित्र रही रचनात्मक सुझाव उपलब्ध गराउने पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, विपद् व्यवस्थापन समिति, सुशासन प्रवद्र्धन समितिका संयोजक तथा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, गाँउसभा सदस्य ज्युहरु, कार्यालयका शाखा प्रमुख एवं सम्पूर्ण कर्मचारीहरु, वडा सचिव शिक्षक, जनसमुदायहरु, राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।साथै यस घोषणा समारोहलाई सौहार्दतापूर्वक सम्पन्न गर्न पुर्याएको योगदानका लागि गाउँपालिकाका पदाधिकारी तथा सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।अन्त्यमा प्रस्तुत वजेट कार्यान्वयनका सवै चरणहरुमा सरोकारवाला सबै क्षेत्रबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वयनका लागि यहाँहरु सवैको रचनात्मक सहयोगको अपेक्षाका साथ विदा हुने अनुमति चाहन्छु ।

धन्यवाद !

मितिः-२०७९/०३/१० गते

दिपक आचार्य
उपाध्यक्ष